# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. चिरंजीबि नेपाल र नेपालका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका Resident Representative बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग असार ८ गते अन्तर्राष्ट्रिय मुद्रा कोषका नवनियुक्त Senior Resident Representative ले भेटवार्ता गर्नुभयो । अन्तर्राष्ट्रिय मुद्रा कोषबाट आएको दुई सदस्यीय टोलीमा नेपालका लागि नवनियुक्त Senior Resident Representative Andreas Bauer र कार्यकाल सकेर जान लाग्नु भएका Senior Resident Representative Thomas Richardson हुनुहुन्थ्यो ।



नेपाल, भारत तथा भूटानका लागि कार्यभार सम्हाल्नुभएका Senior Resident Representative Andreas Bauer को स्वागत गर्दै गभर्नर डा. नेपालले संक्षिप्तमा मुलुकको वर्तमान आर्थिक स्थितिको जानकारी गराउनुभयो । अन्तर्राष्ट्रिय मुद्रा कोषका अधिकारीहरुको प्रश्नको जवाफ दिने क्रममा डा. नेपालले निर्माणाधीन मौद्रिक नीतिका लागि मुद्रास्फिती नियन्त्रण एउटा चुनौती भएको तर बैंक मुद्रास्फिती लगायत अन्य आर्थिक तथा वित्तीय स्थायित्वका लक्ष्यहरु हासिल गर्न सदाझैं कटिबद्ध रहेको जानकारी दिनुभयो ।

भेटवार्ताको क्रममा गभर्नर डा. नेपाल र अन्तर्राष्ट्रिय मुद्रा कोषको टोलीबीच तरलता व्यवस्थापन, विप्रेषण आप्रवाह र हाल संशोधनको क्रममा रहेका बैंक तथा वित्तीय संस्थासम्बन्धी (BAFIA) ऐन तथा नेपाल राष्ट्र बैंक ऐनका बारेमा समेत छलफल भयो ।

भेटवार्ताको अन्त्यमा गभर्नर डा. नेपालले बाहिरिनुभएका Senior Resident Representative Thomas Richardson लाई वहाँको सफल कार्यकालको निम्ति बधाई तथा सहकार्यको निम्ति धन्यवाद समेत दिनुभयो । Senior Resident Representative Thomas Richardson ले IMF नेपालसँग दीर्घकालिन सहकार्य गर्न चाहेको बताउनुभयो ।

२०७३ असार ८, बुधबार

गभर्नरको कार्यालय